कार्यक्रम : नागरिकतामा महिलाको समान अधिकार विषयक खुल्ला संवाद कार्यक्रम
मिति : २०६८/८/२१ गते, *(Dec. 7, 2011)*

मिति २०६८/८/२१ गतेका दिनमा राष्ट्रिय महिला आयोगद्वारा लैंङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अन्तर्गत **नागरिकतामा महिलाको समान अधिकार विषयक खुल्ला संवाद** कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न राजनीतिक पार्टिका महिला सभासदहरू, विभन्न दलका महिला संगठन प्रमुख, महिला अधिकार अनुगमन राष्ट्रिय संजालका सदस्य संस्थाका प्रतिनिधिहरू, OHCHR का प्रतिनिधिहरू र पत्रकारहरूको उपस्थिति थियो । कार्यक्रम राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराको अध्यक्षतामा सञ्चालन भएको थियो ।
कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै, राष्ट्रिय महिला आयोगका सदस्य मोना अनसारी ज्यूले नागरिकताको हकमा महिला र पुरूषबीच समान अधिकार नभएको प्रष्ट पार्दै अब बन्ने नयाँ संविधानमा नागरिकतासम्बन्धि महिलाको स्वतन्त्र र समान अधिकारहरूलाई सुनिश्चित गरिनु पर्छ भन्ने मूल उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरेको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगद्वारा विभिन्न जिल्लामा सम्पन्न गरिएको सार्वजनिक सुनुवाइका क्रममा उठेका नागरिकता सम्बन्धी समस्याहरूलाई समेटेर बनाइएको एउटा भिडियो क्लीप प्रस्तुत गरिएको थियो । उक्त भिडियोमा नेपालका पाँचै विकासक्षेमा रहेका महिलाहरूले नागरिकताको हकमा महिला र पुरूषमा असामनता रहेको, आमाको नाममा नागरिकता पाउने प्रावधान व्यवहारमा नआइसकेको र आजसम्म पनि महिलाहरूले नागरिकताको लागि विभिन्न बन्देजहरूको निरन्तर सामना गर्नुपरेको बताएका थिए ।

कार्यक्रममा भूमिसुधार व्यवस्था राज्य मन्त्री ज्वाला शाहले नागरिकतासम्बन्धि विभेदकारी प्रावधानहरूले महिलाको समानताको अधिकारलाई मात्र प्रभावित नगरेर महिलाको सम्पति प्राप्त गर्न पाउने अधिकार, हिडडुल गर्न पाउने स्वतन्त्रतालाई समेत प्रभावित गरी मर्यादापूर्वक बाँच्न पाउने अधिकारलाई पनि असर गर्ने हुँदा यस्तो असमानताको अन्त्य गर्न राज्यका सबै निकायबाट निरन्तररूपमा बलियो वकालत गर्नुपर्ने बताउनुभयो ।
त्यसैगरी, कार्यक्रममा बोल्दै पूर्वमन्त्री उर्मीला अर्यालज्यूले नागरिकता सम्बन्धी विभेदकारी प्रावधानहरूलाई पितृसत्तात्मक संरचनाको परिणतिको रूपमा हेर्न सकिने बताउनुभयो । उहाँले विदेशी नागरिकसंग विवाह गर्ने नेपाली महिलाहरूलाई आफ्नो पति वा छोराछोरीमा आफनो नागरिकता हस्तान्तरण गर्नबाट रोक्ने विभेदकारी प्रावधानको अन्त्य गर्नपर्नेमा पनि जोड दिनुभएको थियो ।

OHCHR का प्रतिनिधिले कार्यक्रममा प्रस्तुत गरिएको भिडियो क्लीपले हाल महिलाहरूले नागरिकतासम्बन्धि भोगीरहेको समस्यालाई समेटेको बताउनुभयो । उहाँले नागरिकताबाट वञ्चित महिलाहरू सम्पत्ति प्राप्त गर्ने अवसरबाट पनि चुकेको र बेचबिखनबाट प्रभावित महिला र बच्चाहरूको अवस्था त अझै दयनिय रहेको बताउनुभयो ।
अन्तिममा राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूले नागरिकताको मामिलामा महिलाहरूले पुरूषको दाँजोमा निकै असमानता भेल्नुपरेको उल्लेख गर्नुभयो । उहाँले नेपालको अन्तरिम संविधान २०६३ ले पहिलोपटक आफ्ना छोराछोरीमा वंशजको आधारमा नेपाली नागरिकता हस्तान्तरण गर्न पाउने महिला तथा पुरूषका अधिकारलाई स्वीकार गरेतापनि नेपाली पुरूषले विदेशी महिला बिहे गर्दा महिलाले आफ्नो विदेशी नागरिकता छोडेकै क्षणमा नेपाली नागरिकता पाउने र हस्तान्तरण गर्न पाउने तर कनै नेपाली महिलाले विदेशी पुरूष बिहे गरीन् भने आफ्नो पति वा छोराछोरीमा आफ्नो नागरिकता हस्तान्तरण गर्नबाट रोक्ने विभेदकारी प्रावधान कायमै रहेको बताउनुभयो । तसर्थ, उहाँले यस्ता विभेदकारी प्रावधानको अन्त्य गर्न निकै जरूरी रहेको बताउँदै कार्यक्रमको समापन गर्नुभयो ।